तामाकोशी गाउँपालिकाका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश

करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७७/०६/२१

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०७७/७८, च. नं. १२६, मिति २०७७।०५।२३ गतेको पत्रानुसार "स्थानीय तहमा कोभिड -१९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन, २०७७" मा व्यवस्था भई यस तामाकोशी गाउँपालिकामा स्थापना हुन लागेको ५ शैय्याको अस्पताल सञ्चालनका लागि तपशिल बमोजिमका कर्मचारी करारमा राख्नु पर्ने भएकोले प्रचलित कानून अनुसार योग्य नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व तिरेको रसिद सहित आवेदन फारमको ढाँचामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

क्र.स.	विज्ञापन नं.	पद	संख्या	पारिश्रमिक	नियुक्तिको किसिम	दरखास्त दस्तुर	योग्यता
१	स्वास्थ्य ७/२०७७/०७८	मेडिकल अफिसर	१	नेपाल सरकारले तोके बमोजिमको मासिक पारिश्रमिक र जोखिम भत्ता	करार	रु. १०००।-	मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उतीर्ण भइ NMC मा दर्ता भएको हुनुपर्ने।

१. आवेदन फारम तामाकोशी गाउँपालिकाको कार्यालय वा www.tamakoshimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
२. आवेदन दस्तुरः- तोकिएको दरखास्त दस्तुर तामाकोशी गाउँपालिकाको नेपाल बैङ्क लिमिटेड, चरिकोट शाखा, दोलखामा रहेको संचित खाता नम्बर १३००३००००००१००१००००००२ मा रकम जम्मा गरेको भौचर वा कार्यालयमा नगदै बुझाएको रसिद पेश गर्नुपर्नेछ।
३. दरखास्त दिने अन्तिम मिति २०७७/०६/२७ गते सम्म।
४. आवेदन बुझाउने स्थानः तामाकोशी गाउँपालिकाको कार्यालय वा रितपुर्वक भरिएको फारम ito.tamakoshimun@gmail.com मा Scan copy समेत पठाउन सकिनेछ।
५. परिक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता (अन्तर्वार्ताको दिन सक्कल प्रमाणपत्र पेश गर्नुपर्नेछ।)
६. परिक्षा हुने मितिः दरखास्त समाप्त हुने मितिको भोलिपल्ट कार्यालयको सूचनापाटी तथा website मा प्रकाशन हुनेछ।
७. उमेरः १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु (उमेदवार स्वयमंले प्रमाणित गरेको हुनुपर्ने)

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
२. आवश्यक शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि।
३. NMC मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
४. सेवा सम्बन्धी तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपि।
५. पासपोर्ट साइजको फोटो -२ प्रति।

सम्पर्कका लागिः अरुण कुमार मिश्र (स्वास्थ्य संयोजक ९८४४४२७९२३)

प्रमुख प्रशासकीय अधिकृत